गण्डकी प्रदेश, नेपाल
२०७३

# मिति २०८१।०२।३१ गते बसेको गैंडाकोट नगरपालिकाको आ.व.२०८०/०८१ को २१ औं नगर कार्यपालिका बैठकको निर्णयहरु:

**निर्णय नं.१** गैंडाकोट नगरपालिका वडा नं. ७ मा (गैंडाकोट नगरपालिका वार्ड नं.७ मुरलिटार खण्ड-क) ७१,२५०.०० घ. मि. र वडा नं. ९ मा (गैंडाकोट नगरपालिका वार्ड नं.९ जैनटार क्षेत्र) ५७,६००.०० घ.मि. नदीजन्य पदार्थ बिक्रि गर्ने गरी ठेक्का बन्दोबस्त गर्न मिति २०८०/१२/२१ मा सौर्य दैनिक पत्रिकामा प्रकाशित सूचना बमोजिम रित पुर्वक पर्न आएका ई-बोलपत्रहरु मध्येबाट सार्बजनिक खरिद ऐन २०६३ को दफा २७ उपदफा (२) को प्रयोजनार्थ सारभूत रुपमा प्रभावग्राही उच्चतम मुल्यांकित फर्महरुले पेश गरेको बोलपत्र, मिति २०८१/०२/०४ को निर्णय अनुसार छनौट भई गैंडाकोट नगरपालिकाको सार्वजनिक खरिद नियमावली २०७७ को नियम १४० बमोजिम सम्झौताको लागि उपस्थित हुन पत्राचार गरिएको, नारायणी नदीका स्वीकृत स्थानहरुबाट नदीजन्य पदार्थ उत्खनन् र संकलनको लागि मिति २०८१/०१/३१ को नगर विपद् ब्यबस्थापन समिति, मिति २०८१/०२/०८ को नगर कार्यपालिका निर्णय तथा मिति २०८१/०२/०९ को ढुंगा,गिट्टी बालुवा,माटो उत्खनन तथा बिक्रि निर्देशक समिति निर्णय समेतका आधारमा नदिजन्य पदार्थ उत्खनन, संकलन तथा बिक्रि बितरणका लागि तपशिलका फर्म/कम्पनिहरुलाई दिईएको उत्खनन आदेशका सम्बन्धमा अध्ययन तथा छलफल गर्दा तपसिल बमोजिम देखियो,

| क्र. स. | ठेक्का नं. | फर्मको नाम | सम्झौता अंक | दाखिला रकम | असुल हुनुपर्ने रकम | कार्यादेश मिति |
|---|---|---|---|---|---|---|
| १ | 03/IR/NCB/ GMO/080/081 (गैंडाकोट-९) | श्री मेफान्स कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. | रु.२,९७,७०,००० | रु.१,६७,७०,००० | रु.१,३०,००,००० | २०८१।०२।०९ |
| २ | 04/IR/NCB/ GMO/080/081 (गैंडाकोट-७) | श्री ब्रिटिश मेम्बर-गण्डकी जेभी | रु.३,६७,५४,५०० | रु.१,८३,७७,२५० | रु.१,८३,७७,२५० | २०८१।०२।१४ |

उल्लेखित ठेक्कहरुको बाकि असुल हुनुपर्ने ठेक्का नं. 03/IR/NCB/ GMO/080/081 (गैंडाकोट-९) को लागि यस कार्यालयको च. नं. २०४१ मिति २०८१/०२/२७ र च. नं. २०८४ मिति २०८१/०२/३० को पत्रबाट ठेक्का अबधि भित्र तोकिएको रकम दाखिला गर्नु भनि पत्राचार गरिएकोमा आजका मितिसम्म दाखिला हुन नआएकोले, कुमारी बैंक लि. बाट जारी भई ठेक्का सम्झौताका बखत पेश हुन आएको कार्यसम्पादन जमानत नं. 106OUTBG244664 बाट रु. रु.१,३०,००,००० दाखिला गराउने, ठेक्का नं. 04/IR/NCB/ GMO/080/081 (गैंडाकोट-७) को लागि यस कार्यालयको च. नं. २०४२ मिति २०८१/०२/२७ र च. नं. २०८५ मिति २०८१/०२/३० को पत्रबाट ठेक्का अबधि भित्र तोकिएको रकम दाखिला गर्नु भनि पत्राचार गरिएकोमा आजका मितिसम्म दाखिला हुन नआएकोले, कुमारी बैंक लि. बाट जारी भई ठेक्का सम्झौताका बखत पेश हुन आएको कार्यसम्पादन जमानत नं. 106OUTBG244770 बाट रु. रु.१,८३,७७,२५० दाखिला गर्न सम्बन्धित बैकलाई लेखि पठाउन कार्यालयलाई निर्देशन दिने । नदिजन्य पदार्थको उत्खनन गरिएका स्थानहरुको बाताबरण बिज्ञ, निर्देशक समिति तथा नगरस्तरीय अनुगमन तथा सुपरिबेक्षण समितिले स्थलगत अनुगमन गरी नदिजन्य पदार्थको तोकिएको परिमाण दिगो ब्यबस्थापन हुने गरी, बाताबरण मैत्री प्रक्रिया अबलम्बन गरी उत्खनन भए नभएको एकिन गरि नगर समक्ष प्रतिबेदन पेश गर्ने र माथि उल्लेखित उत्खनन कार्य गर्न गराउन दिईएको कार्यादेश बमोजिम २०८१/०२/३२ गते उत्खनन कार्य बन्द गर्न सरोकारवालाहरुलाई पत्राचार गर्ने निर्णय गरियो।

झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख

गैंडाकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गैंडाकोट, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३

**निर्णय नं. २** गैंडाकोट नगरपालिकाको संस्था दर्ता विधेयक-२०८१ माथी आवश्यक छलफल भई स्वीकृतीका लागि १५ औं नगर सभाको अधिवेशनमा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ क बमोजिम गैंडाकोट नगरपालिकाले आ.व.२०८०/०८१ को दहत्तर बहत्तर (नदी जन्यपदार्थ) गैंडाकोट-७, मुरलिटर क्षेत्र र गैंडाकोट-९, थुम्सी जैनटार क्षेत्रबाट बिक्री गरी प्राप्त भएको रकम स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ६२ (क) को उपदफा (३) बमोजिम नगरको आन्तरिक आयको रुपमा आम्दानी बाँधी स्थानीय सञ्चित कोषमा दाखिला गर्ने निर्णय गरियो ।

**निर्णय नं.४** गैंडाकोट नगरपालिका वडा नं.५ निवासी विष्णु भक्त अधिकारी विगत ३ वर्ष देखि शारिरिक अपाङ्ग भई कष्टकर जीवन विताएको र घरको आर्थिक समेत कमजोर भएकाले स्वास्थ्य उपचार गर्न कठिनाई भएको भनी वडा नं. ५ को वडा कार्यालय बाट समेत सिफारिस आएकोले नगरपालिकाको आन्तरिक स्रोतबाट रु.५० हजार आर्थिक सहयोग दिने निर्णय गरियो ।

**निर्णय न. ५** गैंडाकोट नगरपालिका वडा नं. १२ को वडा समितिबाट निर्णय भई सिफारिस आए अनुसार देहाय बमोजिमका शिर्षकहरुमा योजनाहरुको शिर्षाकान्तर/ रकमान्तर गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

| **वडा नं.** | **साविकको योजना** | **रकम** | **परिवर्तित योजना शिर्षक** | **रकमान्तर योजना रकम** |
|---|---|---|---|---|
| १२ | १२ र १४ जोड्ने टाउन खोला सडक स्तरोउन्नती सि.नं.३८ बाँकी रहेको बजेट | रु.२०,००,०००/- | शान्ति टोल अधुरो पिच | रु.१,००,०००/- |

रविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत

शान्ती कोइराला
नगर उप-प्रमुख

मदन भक्त अधिकारी
नगर प्रमुख